# नीलकण्ठ राजपत्र

नीलकण्ठ नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६) धादिङवेसी, धादिङ (संख्याः २ मितिः२०७९।०३।०५

भाग - २

नीलकण्ठ नगरपालिका

## दलित विद्यार्थी छात्रबृत्ति कोष सञ्चालन कार्यविधि ,२०७९

**प्रस्तावनाः**

नीलकण्ठ नगरपालिका भित्रका आर्थिक रुपले कमजोर दलित विद्यार्थीहरुलाई शैक्षिक निरन्तरताको लागि छात्रबृत्ति प्रदान गरि गुणस्तरीय शिक्षामा समावेशी पहुँच अभिबृद्धि गर्न तथा आर्थिक रुपमा कमजोर दलित विद्यार्थीहरुलाई आर्थिक अभावकै कारण शिक्षाबाट बञ्चित हुन नदिन आवश्यक छात्रवृत्तिको व्यवस्थापन गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी कार्यविधि जारी गरिएकोछ।

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (क) यो कार्यविधिको नाम **"दलित विद्यार्थी छात्रबृत्ति कोष सञ्चालन कार्यविधि,२०७९"** रहेको छ।

(ख) यो कार्यविधि नीलकण्ठ नगर कार्यपालिकाबाट स्वीकृत भै नीलकण्ठ राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

२. <u>परिभाषा र व्याख्याः</u>

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

क) "कार्यविधि" भन्नाले "नीलकण्ठ नगरपालिका धादिङको दलित विद्यार्थी छात्रवृत्ति कोष सञ्चालन कार्यविधि, २०७८" सम्झनु पर्दछ ।

ख) "नगरपालिका" भन्नाले नीलकण्ठ नगरपालिकालाई सम्झनु पर्छ ।

ग) "सामुदायिक विद्यालय" भन्नाले नीलकण्ठ नगरपालिकाको शिक्षा ऐन तथा नियमावलीले निर्दिष्ट गरे बमोजिमको नीलकण्ठ नगरपालिकाभित्र संचालित सामुदायिक विद्यालयहरुलाई बुझाउनेछ ।

घ) "कोष" भन्नाले दलित विद्यार्थी छात्रवृत्ति कोषलाई बुझाउनेछ ।

ङ) "छात्रवृत्ति" भन्नाले दलित बालबालिकाहरुलाई छात्रवृत्ति कोषबाट विद्यालय तथा क्याम्पसमा लाग्ने विविध शुल्क, शैक्षिक सामग्री, विद्यालय पोशाकमा हुने खर्चलाई ध्यानमा राखी बालबालिकाहरुलाई अध्ययनमा प्रोत्साहन गर्न तोकिए बमोजिमको निश्चित रकमलाई बुझाउने छ।

च) "शिक्षण संस्था" भन्नाले नीलकण्ठ नगरपालिका भित्रका विद्यार्थीहरुले अध्ययन गर्ने कुनै पनि सरकारी, सामुदायिक, संस्थागत विद्यालय, क्याम्पस, विश्वविद्यालय तथा तालिम केन्द्र सम्झनुपर्दछ ।

३. **कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीतिः**

३.१ अवधारणाः नीलकण्ठ नगरपालिका भित्रका सम्पूर्ण बालबालिका तथा विद्यार्थीहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्नु र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु कोष स्थापनाको मुल अवधारणा हो ।

३.२ लक्ष्यः दलित बालबालिका एवं विद्यार्थीहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्ने ।

३.३. उद्देश्य

(क) बालबालिकाहरुलाई शिक्षामा पहुँच वृद्धि गर्न छात्रवृत्ति प्रदान गर्ने ।

(ख) बालबालिकाहरुको गुणस्तरीय शिक्षामा जोड दिने।

(ग) दलित विद्यार्थीहरुलाई अध्ययनमा प्रोत्साहित गर्ने।

(घ) बालबालिकाहरुको विद्यालय तथा क्याम्पस छाड्ने दरलाई न्युनीकरण गर्ने ।

(ङ) प्राविधिक तथा व्यवसायीक जनशक्ति उत्पादनका लागि प्रोत्साहित गर्ने ।

३.४. नीति

क) दलित विद्यार्थीहरुलाई लक्षित गरिने छ ।

ख) नीलकण्ठ नगरपालिका भित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालय तथा सामुदायिक क्याम्पसहरु र विशेष विषय तथा प्राविधिक अध्ययनका हकमा नीजि शिक्षण संस्थामा अध्ययन गर्ने विद्यार्थीहरुलाई समेत छात्रवृत्ति प्रक्रियामा समावेश गरिनेछ ।

ग) बालबालिका दुवैलाई विना भेदभाव छात्रवृत्ति पाउने अधिकारको सुनिश्चितता गरिने छ ।

घ) छात्रवृत्ति निरन्तरताको लागि विद्यार्थीहरुको अध्ययन गुणस्तरीयतालाई प्राथमिकतामा राखिने छ।

४. **छात्रवृत्ति व्यवस्थापन समितिः**

४.१ छात्रवृत्ति कोषलाई प्रभावकारी, पारदर्शी र लक्षित विद्यार्थीहरुको पहुँचमा पुरयाउनको लागि देहाय बमोजिमको देहाय बमोजिमको एक छात्रवृत्ति व्यवस्थापन समिति रहने छ ।

(क) नगर शिक्षा समितिका अध्यक्ष -संयोजक

(ख) नगरपालिकाका उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) संयोजकले तोकेको नीलकण्ठ नगर कार्यपालिकाको १ महिला सहित २ जना -सदस्य

(ङ) दलित तथा विपन्न वर्गको प्रतिनिधित्व हुने गरी नगर शिक्षा समितले तोकेको १ महिला सहित ३ जना -सदस्य

(च) नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा हेर्ने प्रमुख -सदस्य सचिव

४.२ **छात्रवृत्ति व्यवस्थापन समितिको बैठक सम्बन्धि व्यवस्थाः**

लक्षित विद्यार्थीहरुले समयमा नै छात्रवृत्तिवाट लाभ पाउन र बालबालिकाको शिक्षा अधिकार सुनिश्चितता गर्न देहाय बमोजिम छात्रवृत्ति व्यवस्थापन समितिको बैठक बस्नेछ ।

(क) हरेक ३ महिनामा कम्तिमा एक पटक

(ख) छात्रवृत्ति व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै बस्नेछ ।

(ग) दलित तथा अपांग अधिकारमा काम गर्ने संघ संस्थाको प्रमुख तथा प्रतिनिधिहरुलाई आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्न सकिनेछ।

५. **छात्रवृत्ति कोटा निर्धारण**

नीलकण्ठ नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालय र सामुदायिक क्याम्पसमा अध्ययन गरिरहेका र विषय विशेष छनौटमा प्राविधिक तथा अन्य विषय अध्ययन गरि रहेका कुनै पनि शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक संकलन गरि सो तथ्यांकको आधारमा छात्रवृत्ति कोषमा

उपलब्ध आर्थिक श्रोतको परिचालन गरिनेछ । श्रोतको सीमालाई मध्यनजर गर्दै दफा ४ बमोजिमको समितिले छात्रवृत्ति कोटा निर्धारण गर्न सक्नेछ ।

६. **<u>कोषको व्यवस्थापन तथा संचालन सम्बन्धि व्यवस्था:</u>**

६.१.कोषको स्थापना: नीलकण्ठ नगरपालिका क्षेत्रका दलित विद्यार्थीहरुका लागि एउटा छुट्टै छात्रवृत्ति कोष स्थापना गरिने छ । सो कोषमा निम्नानुसारको रकम जम्मा हुनेछ ।

क) छात्रवृत्तिको लागि नीलकण्ठ नगरपालिकाबाट प्रत्येक वर्षको नगरसभाबाट विनियोजन भएको रकम।

ख) संघीय तथा प्रदेश सरकारबाट छात्रवृत्तिको लागि प्राप्त रकम ।

ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुबाट छात्रवृत्तिको लागि प्राप्त रकम ।

घ) अन्य व्यक्तिहरुबाट छात्रवृत्तिको लागि प्राप्त रकम ।

ङ) अन्य स्थानीय तहले साझेदारी गर्न चाहेमा सो रकम ।

६.२. छात्रवृत्ति कोष संचालन प्रक्रिया:

(क) छात्रवृत्ति कोषको लक्ष्य तथा उद्देश्य प्राप्त गर्न नीलकण्ठ नगरपालिका स्वयंले कोषको संचालन गर्नेछ ।

(ख) छात्रवृत्ति कोषको रकम विद्यार्थीहरुको अध्ययन बाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न पाईनेछैन।

(ग) छात्रवृत्ति कोषको आर्थिक तथा प्रशासनिक कार्य नगर कार्यपालिकाको कार्यालयबाट तोकिएको कर्मचारीबाट हुनेछ ।

(घ) छात्रवृत्ति कोषको बैंक खाता नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ ।

(ङ) छात्रवृत्ति कोषको आर्थिक व्यस्थापन नेपाल सरकारको प्रचलित आर्थिक प्रशासन सम्वन्धि कानुन बमोजिम हुनेछ ।

(च) छात्रवृत्ति कोषबाट खर्च भएको रकमको जाँचपास तथा फरफारक प्रचलित कानुन बमोजिम हुनेछ।

(छ) कोषको अन्तिम लेखापरीक्षण प्रचलित कानुन बमोजिम हेनेछ ।

७. **<u>छात्रवृत्ति कोषको खर्च प्रणाली, छात्रवृत्ति छनौटका आधार र मादण्ड, शर्त तथा बन्देज:</u>**

७.१.कोषको खर्च प्रणाली:

छात्रवृत्ति कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको छात्रवृत्ति प्रदान गर्ने कार्यमा मात्र खर्च गरिने छ ।

क) लक्षित विद्यार्थीहरुले अध्ययन गरिरहेको विद्यालय, क्याम्पसबाट सिफारिस भई आएका सिफारिसको आधारमा छात्रवृत्ति रकम उपलब्ध गराईने छ ।

ख) छात्रवृत्ति प्रदान गर्न लाग्ने अन्य व्यवस्थापकीय खर्च छात्रवृत्ति कोषबाट खर्च गरिने छैन।

ग) दफा ५ को उपदफा क देखि ङ सम्मको रकमलाई मुलकोष मानी सो रकम छात्रवृत्ति कोषमा जम्मा गरिने छ ।

**७.२. छात्रवृत्ति छनौटका आधार र मापदण्ड:** देहायको आधार र मापदण्डको आधारमा छात्रवृत्तिको लागि बालबालिका छनौट गरिने छ ।

(क) दलित विद्यार्थी हुनुपर्नेछ ।

(ख) अन्य कुनै संघ संस्थाबाट छात्रवृत्ति पाईरहेका विद्यार्थीहरुले दोहोरो रुपमा छात्रवृत्ति पाउने छैनन्।

(ग) सामुदायिक विद्यालय र सामुदायिक क्याम्पसमा अध्ययन गरेको विद्यार्थी हुनुपर्नेछ । प्राविधिक विषय तथा अन्य विषय सामुदायिक विद्यालय तथा क्याम्पसमा अध्यापन नहुने अवस्थामा जुनकुनै शिक्षण संस्थामा अध्ययन गरेमा पनि यो कार्यविधि अनुसार छात्रवृत्ति प्राप्त गर्न योग्य मानिनेछ ।

(घ) शैक्षिक शत्र अवधिमा विद्यालय वा क्याम्पस खुल्ने कूल दिन मध्ये कम्तिमा ८० प्रतिशत हाजिरी सम्वन्धीत शिक्षण संस्थामा हुनुपर्नेछ।

(ङ) नीलकण्ठ नगरपालिका भित्रका आर्थिक रुपमा विपन्न दलितलाई मात्र छात्रवृत्ति प्रदान गरिनेछ । अन्य स्थानीय तहको छात्रवृत्ति कोषमा योगदान भएमा यस नगरपालिका क्षेत्रभित्रका सामूदायिक विद्यालय वा सामुदायिक क्याम्पसमा अध्ययन गरिरहेका छात्रवृत्ति कोषमा योगदान गर्ने अन्य स्थानीय तहका विद्यार्थीहरुलाई समेत छात्रवृत्ति दिनसकिनेछ। जिल्ला बाहिरका शिक्षण संस्थामा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई छात्रबृत्ति प्रदान गर्दा भने नीलकण्ठ नगरबासीहरुलाई मात्र छात्रवृत्ति प्रदान गर्न सकिनेछ ।

(च) व्यवसायीक तथा क्षमता विकास संग सम्बन्धित छोटो अवधिको प्रशिक्षण कार्यक्रममा छात्रवृत्ति प्राप्त गर्न मान्यता प्राप्त शिक्षण संस्था हुनुपर्नेछ । त्यस्तो शिक्षण संस्थाहरुमा सामुदायिक शिक्षण संस्थालाई पहिलो प्राथमिकतामा राखि विद्यार्थीहरुको विषय छनौट र तालिमको विषय उपलब्धताको

आधारमा सामुदायिकमा नभएको अवस्थामा मात्र नीजि शिक्षण संस्थामा अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रबृत्ति प्रदान गरिनेछ ।

(छ) यस कार्यविधि अन्तरगत प्रदान गरिने छात्रबृत्ति रकमको सीमा बढीमा सम्वन्धीत शिक्षण संस्थामा अध्ययन गर्दा लाग्ने कूल शिक्षण शुल्कसम्म मात्र हुनेछ ।

७.३ शर्त तथा बन्देज: यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि निम्न शर्त र बन्देजहरु लागु गरिएको छ ।

(क) सामुदायिक विद्यालय वा सामुदायिक क्याम्पसबाट छात्रवृत्ति पाउन सिफारिस भएका विद्यार्थीहरुले मात्र छात्रबृत्ति पाउने छन् ।

(ख) कुनै कारणवश विद्यार्थीले बीचैमा अध्ययन छाडेमा, निरन्तरता हुन नसकेमा वा मृत्यु भएमा छात्रबृत्ति रकम निरन्तर हुनेछैन ।

८. **छात्रबृत्तिको लागि आवेदन आव्हान:**

नीलकण्ठ नगरपालिकाको छात्रबृत्ति व्यवस्थापन समितिको बैठक बसी छात्रवृत्तिका लागि १५ दिने सार्वजनिक सुचना जारी गरिने छ । साथै बार्षिक क्यालेन्डर बाहेकका लामो तथा छोटो अवधिका विषय, तालिम तथा जिल्ला बाहिरका शिक्षण संस्थामा प्राविधिक एवं व्यवसायीक विषय अध्ययन गरिरहेका विद्यार्थीहरुले छात्रबृत्ति प्राप्त गर्न जुन कुनै बेला आवेदन दिन सक्नेछन् । त्यस्ता विद्यार्थीहरुको छात्रबृत्तिको हकमा छात्रबृत्ति व्यवस्थापन समितिको बैठकको निर्णयानुसार हुनेछ ।

९. **छात्रबृत्ति प्राप्तिको लागि पेश गर्नुपर्ने कागजातहरु र कागजातहरु पेश गर्ने निकाय वा शाखा:**

९.१ छात्रबृत्ति प्राप्तिको लागि पेश गर्नुपर्ने कागजातहरु:

सम्बन्धित विद्यालय वा क्याम्पसले तोकिएको समय सिमाभित्र देहाय बमोजिमको कागजात पेश गर्नुपर्ने छ।

(क) छात्रबृत्ति पाउने विद्यार्थीहरुले अनुसूची १ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ ।

(ख) विद्यालय वा क्याम्पसको अनुसुची २ बमोजिमको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

(ग) छात्रबृत्ति पाउने विद्यार्थीको परिचय पत्र ।

(घ) विद्यार्थीको अघिल्लो शैक्षिक सत्र वा तहको लब्धांक पत्र

**९.२. कागजातहरु पेश गर्ने निकाय वा शाखा**

१५ दिनको सूचना अनुसार सम्बन्धित विद्यालयमा निवेदन दर्ता गराउने, विद्यालय वा क्याम्पसले माथि उल्लेखित रितपूर्वकको सम्पूर्ण कागजातहरुसहित ५ दिन भित्र सिफारिस गरी नीलकण्ठ नगरपालिको शिक्षा, युवा तथा खेलकूद शाखामा पेश गर्नुपर्नेछ ।

१०. **छात्रबृत्ति वितरण प्रक्रिया र वितरण गरिने छात्रबृत्ति रकम:**

**१०.१ छात्रबृत्ति वितरण प्रक्रिया:**

(क) नगरपालिकाले सम्बन्धित विद्यालय वा क्याम्पसको बैंक खातामा छात्रबृत्ति रकम निकासा गर्ने छ।

(ख) नीलकण्ठ नगरपालिकाको कार्यालयबाट रकम निकासा भएको मितिले एक महिना भित्र विद्यालय वा क्याम्पसहरुले सम्बन्धित विद्यार्थीलाई छात्रवृत्ति बापत नगरपालिकाबाट रकम प्राप्त भएको जानकारी दिनुपर्नेछ । सम्बन्धित विद्यार्थीले छात्रबृत्ति बापतको रकम पाउने अवस्थामा पनि एक महिना भित्र प्रदान गरिसक्नुपर्नेछ।

**१०.२ वितरण गरिने छात्रबृत्ति रकम:**

विद्यालय वा क्याम्पसमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई वार्षिक निम्नानुसार तहगत रुपमा छात्रबृत्ति रकम वितरण गरिने छ ।

(क) आधारभूत तह कक्षा (१-८) ५,०००।— (अक्षेरपी: पाँच हजार रुपैंयाँ मात्र)

(ख) माध्यमिक तह (९-१२) ८,०००।— (अक्षेरपी: आठ हजार रुपैंयाँ मात्र)

(ग) स्नातक तह: १२,०००।— (अक्षेरपी: बाह्र हजार रुपैंयाँ मात्र)

(घ) स्नातकोत्तर: १५,०००।— (अक्षेरपी: पन्ध्र हजार रुपैंयाँ मात्र)

(ङ) अन्य प्राविधिक तथा व्यवसायीक विषयमा सम्वन्धित शिक्षण संस्थाले तोकेको शुल्क बराबर रकम वा वार्षिक ५०,०००।— (अक्षेरपी: पचास हजार रुपैंयाँ) र वि.एन., वि.ई., एम.वि.वि.एस.लगायत अध्ययन गर्ने विद्यार्थीलाई वार्षिक रु १,००,०००।— (अक्षेरपी: एक लाख रुपैंयाँ) रकम उपलब्ध गराईनेछ ।

११. **प्रतिवेदन:**

विद्यालय वा क्याम्पसका विद्यार्थीहरुले छात्रबृत्ति पाए वा नपाएको सम्बन्धमा सुनिश्चितताको लागि रकम निकासा भएको मितिले ३५ दिनभित्र अनुसूची ३ बमोजिमको फाराम विद्यालयले भरी प्रतिवेदनको रुपमा नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकूद शाखामा पेश गर्नुपर्नेछ ।

१२. **संशोधन, बचाउ र खारेजी:**

क) छात्रवृत्ति कोष संचालन कार्यविधि आवश्यकतानुसार नीलकण्ठ नगर कार्यपालिकाले संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

ख) यस कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यस कार्यविधि अनुसार र उल्लेख नभएका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

ग) यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलीत प्रदेश तथा संघीय कानून र संविधान संग वाझिएमा वाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

घ) कोष खारेज भएमा कोषमा रहेको सम्पति तथा दायित्व स्वतः नगरपालिकामा सर्नेछ ।

अनुसूचि -१

**दलित विद्यार्थी छात्रवृत्ति आव्हान सम्वन्धि सुचना**

**(सूचना प्रकाशन मितिः ..............................................)**

नीलकण्ठ नगरपालिकाका आर्थिक रुपले कमजोर दलित विद्यार्थीहरुका लागि छात्रवृत्ति उपलव्ध गराउनको लागि यस नगरपालिकाको दलित छात्रवृत्ति कोष सञ्चालन कार्यविधि, २०७९ को दफा ८ वमोजिम छात्रवृत्ति व्यवस्थापन समितिको मिति .............................. को निर्णयानुसार आर्थिक रुपले कमजोर दलित विद्यार्थीहरुले छात्रवृत्ति प्राप्त गर्नका लागि यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र आवेदन पेश गर्न सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजात तथा शर्तहरुः**

१. दलित विद्यार्थी हुनुपर्नेछ ।

२. अन्य कुनै संघ संस्थाबाट छात्रवृत्ति पाईरहेका विद्यार्थीहरुले दोहोरो रुपमा छात्रवृत्ति पाउने छैनन्।

३. सामुदायिक विद्यालय वा सामुदायिक क्याम्पसमा अध्ययन गरेको विद्यार्थी हुनुपर्नेछ । प्राविधिक विषय तथा अन्य विषय सामुदायिक विद्यालय तथा क्याम्पसमा अध्यापन नहुने अवस्थामा जुनसुकै शिक्षण संस्थामा अध्ययन गरेमा पनि यो कार्यविधि अनुसार छात्रवृत्ति प्राप्त गर्न योग्य मानिनेछ।

४. शैक्षिक सत्र भरिमा विद्यालय वा क्याम्पस खुल्ने कुल दिन मध्ये कम्तिमा ८० प्रतिशत हाजिरी हुनुपर्नेछ।

५. विद्यार्थी अध्ययन गरिरहेको विद्यालय वा क्याम्पसमा नै १५ दिन भित्रमा निवेदन दर्ता गराउनुपर्नेछ।विद्यालय वा क्याम्पसले छात्रवृत्तिको लागि आवेदन दिने म्याद समाप्त भएको मितिले ५ दिन भित्रमा सक्कलै निवेदन कागजात सहित सिफारिस गरी नगर कार्यपालिकाको कार्यालयमा पठाउनुपर्नेछ।

६. निवेदनका साथ विद्यार्थीले विद्यार्थी परिचय पत्र अघिल्लो शैक्षिक सत्र वा तहको लब्धांक पत्र पेश गर्नुपर्नेछ ।

## अनुसुची २

### छात्रबृत्ति आवेदन

श्री छात्रवृत्ति व्यवस्थापन समिति,
नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धादिङ ।
मार्फत,
श्री प्रधानाध्यापक/क्याम्पस प्रमुखज्यू,
............................... विद्यालय/क्याम्पस, ....................धादिङ ।

**विषयः छात्रवृत्ति पाउँ भन्ने वारे ।**

प्रस्तुत विषयमा नीलकण्ठ नगरपालिका, वडा नं. ......., ................. मा स्थायी ठेगाना भई हाल ....................................... विद्यालय/ क्याम्पसमा ................ विषय लिई ............... अध्ययन रहेको म निवेदक देहायका कागजात सहित आर्थिक रुपमा कमजोर दलित विद्यार्थीको लागि तहाँ कार्यालयबाट मिति ....................... मा गरिएको छात्रवृत्तिको लागि सूचना अनुसार छात्रवृत्ति पाउँ भनि निवेदन पेश गरेको छु ।

व्यक्तिगत विवरण

विद्यार्थीको नाम थरः स्थायी ठेगानाः
वावुको नामः आमाको नामः परिवारका सदस्य संख्याः
नागरिकता भए नागरिकता नं. र जारी मितिः सम्पर्क नं. :

शैक्षिक संस्थाः

अध्ययनरत विद्यालय/क्याम्पसको नामः स्थानः
अध्ययनरत विद्यालय/क्याम्पसको किसिमः सामुदायिक/ नीजि .......
तहः विषयः शैक्षिक सत्रः

संलग्न कागजातः

१. विद्यार्थी परिचय पत्रको प्रतिलिपि ।
२. अघिल्लो शैक्षिक सत्र वा तहको लब्धांक पत्रको प्रतिलिपि।
३. सम्बन्धित विद्यालय/क्याम्पसको सिफारिस पत्र ।

**माथि मैले उल्लेख गरेको व्यहोरा सवै साँचो हुन, म अन्य कुनै संघ संस्था निकायबाट छात्रवृत्ति पाईरहेको विद्यार्थी होइन, फरक परेमा कानून बमोजिम सहुलाँ बुझौंला, भनी सही छाप गरिदिएँ ।**

निवेदक

नामः
हस्ताक्षरः
मितिः

| दायाँ | बायाँ |
|---|---|
| | |

अनुसुचि ३

छात्रबृत्ति प्रतिवेदन फाराम

**विषयः छात्रवृत्ति वितरण प्रतिवेदन सम्बन्धमा ।**

श्री छात्रवृत्ति व्यवस्थापन समिति,

नीलकण्ठ नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, धादिङ।

प्रस्तुत विषयमा तहाँ समितिको मिति ........................................ निर्णयानुसार तहाँ कार्यालयबाट यस विद्यालयको खाता नं. .......................... मिति ................................... मा जम्मा हुन आएको दलित छात्रवृत्तिवापतको रकम तपसिल अनुसार भर्पाई गरी वुझाईदिई/अध्ययन शुल्कवापत रकम जम्मा गरी यो छात्रवृत्ति वितरण प्रतिवेदन पेश गरेको छु।

| सि. नं. | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नाम | तह/संकाय /विषय | कार्यालयबाट निकासा भएको छात्रवृत्ति रकम | छात्रवृत्तिवापत भुक्तानी भएको रकम | वढी भएको भए फिर्ता रकम | संलग्न कागजात आम्दानी ) रसिद/विद्यार्थीले रकम बुझिलिएको भर्पाई( |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| | | | | | | |

..................

प्रधानाध्यापक/क्याम्पस प्रमुख

आज्ञाले,

नेत्रप्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत